# सत्यवती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

प. सं.: २०७७/०७८
च. नं.: ९६५

मिति: २०७७/०८/३०

**विषय: विद्यालय सञ्चालन सम्बन्धी कार्यढाँचा, २०७७ कार्यान्वयन गर्ने गराउने सम्बन्धमा ।**

श्री सामुदायिक तथा संस्थागत विद्यालय (सबै),
सत्यवती गाउँपालिका, गुल्मी ।

प्रस्तुत विषय सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट जारी गरिएको जनस्वास्थ्य एवम् सुरक्षा सम्बन्धी मापदण्ड तथा निर्देशनको परिधी भित्र रही विद्यालय सञ्चालन गर्ने सम्बन्धमा मिति २०७७/०८/२९ गतेको प्र.अ. बैठकको निर्णयानुसार तथा शिक्षा सरोकारवालाहरुसंगको परामर्श र सुझावका आधारमा विद्यालय संचालन सम्बन्धी कार्यढाँचा, २०७७ अनुसार संक्रमणको जोखिम, विद्यार्थी संख्या तथा उपलब्ध, भौतिक पूर्वाधार समेत हेरी व्यवस्थापनमा सहजताका लागि विद्यालयहरुले देहाय अनुसारका विकल्पहरु मध्ये उपयुक्त विकल्प प्रयोग गरी (शैक्षिक कार्यक्रम) विद्यालय संचालन गर्न गराउनु हुनका साथै विद्यालयका विद्यालय व्यवस्थापन समितिले शिक्षक, विद्यालय कर्मचारी तथा विद्यार्थीहरुले अनिवार्य मास्क लगाउने, भौतिक दूरी मिलाई वस्ने, खाजा व्यवस्थापन गर्ने लगायतका विषयवस्तु समावेश गरी विद्यालय जाँदा विद्यालयमा रहँदा वा घर फर्कदा एवम् घरमा पुगेपछि पालना गर्नुपर्ने आचारसंहितामा उनीहरुको सहभागिता समेत गराई तयार गर्ने, यसरी तयार भएको आचारसंहिता सरोकारवाला सबैले अनिवार्य रुपमा पालना गर्ने व्यवस्था मिलाउने र विद्यालयले तयार गरेको आचारसंहिता तथा छनौट गरेको उपयुक्त प्रयोग गर्ने विकल्प यस गाउँपालिकाको शिक्षा, यूवा तथा खेलकुद शाखामा पेश गर्नुहुन निर्देशानुसार अनुरोध छ ।

**विकल्पहरु:**

१. सबै कक्षा र विद्यार्थीलाई एकै समयमा कक्षा सञ्चालन गर्ने ।
२. अलग अलग समय (सिफ्ट) मा अलग अलग कक्षा वा तह सञ्चालन गर्ने ।
३. विद्यालय खुल्ने तथा कक्षा सञ्चालनको अवधि/घण्टी छोट्याउने ।
४. अवस्था हेरी तल्ला कक्षालाई पहिले वा माथिल्लो कक्षाका विद्यार्थीलाई पहिले (जोखिम र सहजतालाई हेरी) कक्षा सुरु गर्ने ।
५. कुनै दिन केही कक्षा र कुनै दिन बाँकी अरु कक्षा संचालन हुने गरी पालैपालो कक्षा सञ्चालन गर्ने ।
६. कक्षाका केही विद्यार्थी कुनै दिन वा सिफ्ट र बाँकी विद्यार्थी अर्को दिन वा सिफ्टमा सञ्चालन हुने गरी पालैपालो कक्षा सञ्चालन गर्ने ।
७. हप्तामा केही दिन, दिनमा केही घण्टा सञ्चालन गर्ने ।

०७७।८।३०

झविश्वर रेग्मी
प्रमुख प्रशासकीय अधिकृत

इमेल:-satyawatigaunpalika@gmail.com फोन नं:-०७९-४११०७६ वेवसाइट:- www.satyawatimun.gov.np
फेसबुक पेज:-https://www.facebook.com/satyawatirmo